# रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः २ रिब्दीकोट पुष २८, २०७८ साल संख्याः २**

**भाग – २**


## रिब्दीकोट गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिम युवामैत्री स्थानीय तह कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०७८ सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## युवामैत्री स्थानीय तह कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०७८

गाउँसभाबाट पारित मिति २०७८।०९।२८

१. प्रस्तावनाः

नेपालको संविधान २०७२ अनुसार स्थानीय सरकारले सञ्चालन गर्ने गतिविधि तथा कार्यक्रमलाई युवामैत्री किसिमले सञ्चालन गरी युवाको समग्र व्यक्तित्व विकास गर्दै, शिक्षित, स्वास्थ्य, उद्यमशील र नेतृत्वदायी क्षमतायुक्त युवा बनाउनको लागि यो कार्यविधि तयार गरीएको छ ।

२. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम “युवामैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०७८” रहने

छ। यसपछि छोटकरीमा यसलाई "कार्यविधि" मात्रै भनिने छ। यो कार्यविधि रिब्दीकोट गाउँपालिका सरकारको कार्यकारी सभाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

३. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्दछ।

(ख) "युवा" भन्नाले सोह्र वर्ष देखि चालीस वर्ष उमेर समूहका व्यक्ति सम्झनुपर्दछ।

(ग) "युवामैत्री शासन" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने, युवामैत्री स्थानीय शासन दिग्दर्शनमा उल्लेखित सूचक प्राप्त भएको शासनलाई सम्झनुपर्दछ।

(घ) "कार्यक्रम" भन्नाले १६ देखि ४० वर्ष उमेर समूहका युवाहरुलाई यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमलाई सम्झनुपर्दछ।

(ङ) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिकालाई सम्झनु पर्दछ।

(च) "दिग्दर्शन" भन्नाले राष्ट्रिय युवा परिषद्ले निर्माण गरेको युवामैत्री स्थानीय शासनको सूचकहरु समेत समेटिएको दिग्दर्शनलाई सम्झनुपर्छ

(छ) "विज्ञ" भन्नाले सम्बन्धित विषयमा अनुभव र दक्षता भएको व्यक्तिलाई सम्झनु पर्दछ।

(ज) "सूचक" भन्नाले युवामैत्री स्थानीय तह दिग्दर्शनमा उल्लेख गरिएको सुचकलाई सम्झनुपर्दछ।

(झ) "गैरसरकारी संस्था" भन्नाले नेपाल सरकारले तोकेको मापदण्ड पुरा गरी गठन भएका सामाजिक संस्थाहरुलाई सम्झनुपर्दछ।

४. <u>युवामैत्री स्थानीय सरकार घोषणा गर्न सकिनेः</u>

दिग्दर्शनले तोके बमोजिमको सूचकहरु प्राप्त भएको स्थानीय तहलाई युवामैत्री स्थानीय सरकार घोषणा गर्न सकिनेछ । यसको लागि तोकिएको विज्ञले उक्त सूचकहरुको प्राप्ति भएको नभएको स्वतन्त्रतापूर्वक अध्ययन गर्नुपर्नेछ । यसरी अध्ययन गर्ने विज्ञ समूहमा देहाय बमोजिमका पाँच जना सदस्य रहनेछन्ः

(क) सम्बन्धित स्थानीय तहको प्रमुखले तोकेको जननिर्वाचित प्रतिनिधि मध्येबाट एक जनाः संयोजक

(ख) युवाको क्षेत्रमा काम गरीरहेका विज्ञ एक जनाः सदस्य

(ग) जिल्ला युवा समितिका अध्यक्षः सदस्य

(घ) गाउँस्तरीय युवा सञ्जालका अध्यक्षः सदस्य

(ङ) शिक्षा युवा तथा खेलकुद शाखाका प्रमुखः सदस्य सचिव

५. <u>सूचकहरु थपघट तथा अद्यावधिक गर्न सकिनेः</u>

युवामैत्री स्थानीय शासन घोषणा गर्न दिग्दर्शनमा तोकिए बमोजिमको सूचक पुरा गरी तोकिएको अंक प्राप्त गरेको हुनुपर्छ । यद्यपि दिग्दर्शनमा उल्लेख भएका सूचकहरुलाई सम्बन्धित स्थानीय सरकारले थपघट गर्न र नियमित रुपमा अद्यावधिक गर्न भने सक्नेछन् ।

६. <u>युवामैत्री स्थानीय तह निर्माणको समिति/संयन्त्र निर्माण गर्न सकिनेः</u>

हरेक स्थानीय तहले युवामैत्री स्थानीय तहको निर्माणको लागि तोकिएका सूचक प्राप्तीको लागि गर्नुपर्ने कामको योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन लगायतका काम गर्नको लागि "युवामैत्री स्थानीय तह निर्माणको समिति/संयन्त्र" निर्माण गर्न सक्नेछन् । साथै आवश्यकता अनुसार उपसमिति पनि गठन गर्न सकिनेछ । यसको लागि आवश्यकता अनुसारको सदस्य राख्न

सकिने छ । यद्यपि यसरी निर्माण गरीएको समिति तथा संयन्त्रमा सम्बन्धित विषयको विज्ञ, युवा सञ्जालका प्रतिनिधिहरुको प्रतिनिधित्व सुनिश्चित गरीनुपर्छ ।

७. युवामैत्री स्थानीय तह निर्माणको लागि विभिन्न सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रसँग समन्वय गर्न सकिने:

युवामैत्री स्थानीय तह निर्माणको लागि अन्य सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय र सहकार्य गर्न सकिनेछ । यसको लागि विषयगत रुपमा काम गरीरहेका विभिन्न गैरसरकारी तथा सरकारीका साथै नीजि क्षेत्रसँग पनि समन्वय र सहकार्य गर्न सकिनेछ ।

८. वार्षिक कार्यक्रम तथा आवधिक योजना बनाउदा युवामैत्री स्थानीय शासनका सूचकलाई अंग बनाउन सकिने:

स्थानीय तहले हरेक वर्ष निर्माण गर्ने वार्षिक कार्यक्रम तथा आवधिक योजना बनाउँदा दिग्दर्शनमा उल्लेख गरीएका सूचक र त्यसको कार्ययोजनालाई आफ्नो अंग बनाउन सकिनेछ ।

९. पुरस्कृत गर्न सकिने:

युवामैत्री स्थानीय शासनको लागि आवश्यक पर्ने क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने विभिन्न व्यक्ति, संस्था, समुदाय तथा अन्य निक( ाय वा पक्षलाई स्थानीय तहले विशेष कार्यक्रम गरी पुरस्कृत गर्न सक्नेछ । यसको लागि एक स्वतन्त्र र स्वायत्त सिफारिस समिति गठन गरी विशिष्ट योगदान गर्नेहरुको बारेमा सार्वजनिक सुचना मार्फत सिफारिश माग गर्न सक्नेछ । यसरी सिफारिस भई आएका मध्येबाट देहाय बमोजिमका सदस्य भएको समितिले छनौट गरी पुरस्कृत गर्नसक्नेछ ।

(क) सम्बन्धित गा.पा.को उपाध्यक्ष ...... संयोजक

(ख) युवा वा सम्बन्धित विषयको विज्ञ एकजना ..... सदस्य

(ग) स्थानीय युवा सञ्जालका अध्यक्ष................. सदस्य

१०. <u>नियन्त्रण तथा निर्देशन दिन सक्ने:</u>

(क) सम्बन्धित स्थानीय तहले युवामैत्री स्थानीय तह घोषणाको लागि गठन गरीएका सबै समिति तथा संयन्त्रलाई नियन्त्रण गर्न र निर्देशन दिन सक्नेछ ।

(ख) सम्बन्धित स्थानीय तह अर्न्तगत कार्यरत सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रलाई पनि निर्देशन दिन सक्नेछ ।

११. <u>अनुगमन तथा मूल्यांकनको लागि समिति गठन गर्न सकिने:</u>

कुनै पनि स्थानीय तहको सरकारबाट सञ्चालन हुने युवामैत्री स्थानीय शासनको कार्ययोजना अर्न्तगतका योजना तथा कार्यक्रम र गतिविधिहरुको अनुगमन तथा मूल्यांकन गर्नुपर्ने हुन्छ । जसको लागि दुईवटा समिति गठन गर्न सकिनेछ ।

(१) युवामैत्री स्थानीय तहको कार्यक्रम अनुगमन गर्न देहाय बमोजिमको पाँच सदस्यीय कार्यक्रम अनुगमन समिति गठन गर्न सकिनेछ ।

(क) शिक्षा युवा तथा खेलकुद शाखाका प्रमुख: संयोजक

(ख) सम्बन्धित पालिकाको योजना शाखाका प्रमुखले तोकेको व्यक्ति: सदस्य

(ग) सम्बन्धित स्थानीय तहले तोकेको स्थानीय युवा सञ्जाल तथा संस्थाका दुईजना प्रतिनिधि: सदस्य

(घ) कार्यक्रम सञ्चालन भएको वडाको वडा सचिव: सदस्य सचिव

(२) यसै गरी युवामैत्री स्थानीय तह अनुगमन समिति गठन गर्न सकिनेछ। जसको संयोजक तथा सदस्यहरु देहाय

बमोजिमको रहने छन् ।

(क) सम्बन्धित स्थानीय तहको उपाध्यक्षः संयोजक

(ख) शिक्षा युवा तथा खेलकुद हेर्ने कार्यपालिका सदस्यः सदस्य

(ग) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत प्रमुखः सदस्य

(घ) साझेदार सरकारी वा गैरसरकारी संस्था वा निकायका प्रतिनिधिः सदस्य

(ङ) सम्बन्धित स्थानीय तहले तोकेको युवा विज्ञः सदस्य

(च) स्थानीय युवा सञ्जालका प्रतिनिधिः सदस्य

(छ) शिक्षा युवा तथा खेलकुद शाखाका प्रमुखः सदस्य सचिव

१२. विविधः

यस युवामैत्री स्थानीय तह घोषणाको लागि यस कार्यविधिमा उल्लेखित प्रक्रियाहरुसँग नबाझिने गरी तथा प्रचलित ऐन, कानून, तथा निर्देशनहरुसँग प्रतिकुल नहुने गरी परिमार्जन तथा आवश्यकता अनुसार अन्य प्रक्रियाहरुका सम्बन्धमा स्थानीय तहले संशोधन गर्न, परिमार्जन गर्न निर्देशन दिन सक्ने छ ।

# अनुसूची २

## युवामैत्री स्थानीय तह अर्न्तगतका सूचकहरुको वर्तमान अवस्था, पाँच वर्षको वार्षिक लक्ष्य सहितको कार्ययोजना निर्माणको ढाँचा

पालिकाको नाम .................... जिल्ला.........................

| क्र.स | सूचकहरु | वर्तमान अवस्था | सन् २०२३ सम्म | वार्षिक लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | शक्षा सम्बन्धी सूचकहरु | | | | | | | | |
| १.१ | स्थानीय सरकार भित्रका निरक्षर युवाको प्रतिशत | | | | | | | | |
| १.२ | शिक्षा सम्बन्धी नीति, मापदण्ड निर्माण समितिमा युवाको प्रतिनिधित्व | | | | | | | | |
| १.३ | सीपमूलक प्राविधिक शिक्षा प्राप्त गर्ने युवाको प्रतिशत | | | | | | | | |
| १.४ | गाउँ तथा नगर शिक्षा समितिमा युवाको प्रतिनिधित्व | | | | | | | | |
| १.५ | विद्यालय व्यवस्थापन समितिमा युवा पदाधिकारीको प्रतिशत | | | | | | | | |
| १.६ | प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम प्रदायक संस्था | | | | | | | | |
| १.७ | शिक्षामा विनियोजित निसर्त बजेटको प्रतिशत | | | | | | | | |
| २ | | | | | | | | | |
| | स्वास्थ्य सम्बन्धी सुचकहरु | | | | | | | | |
| २.१ | एचआईभी संक्रमित युवाको प्रतिशत | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.२ | स्वास्थ्य सम्बन्धी समितिहरुमा युवा प्रतिनिधित्व | | | | | | | | |
| २.३ | प्रजनन स्वास्थ्य सेवा लिने युवाको प्रतिशत | | | | | | | | |
| २.४ | प्रजनन् स्वास्थ्य तथा यौनिक शिक्षा सम्बन्धी तालिम (अभिमुखीकरण) प्राप्त युवा युवतीको प्रतिशत | | | | | | | | |
| २.५ | युवाको अगुवाई र सहभागितामा भएका स्वास्थ्य सचेतना सम्बन्धि कार्यक्रम संख्या | | | | | | | | |
| २.६ | सुरक्षित प्रसुती सेवा लिने युवा महिलाको प्रतिशत | | | | | | | | |
| २.७ | मातृमृत्यु दर प्रति लाख | | | | | | | | |
| २.८ | स्वास्थ्य क्षेत्रमा निसर्ततर्फ विनियोजित वजेट प्रतिशत | | | | | | | | |
| ३ | रोजगारी र उद्यमशीलता | | | | | | | | |
| ३.१ | स्थानीय स्तरमा स्वरोजगार (उद्यम वा व्यवसाय सञ्चालन गर्ने) युवाको प्रतिशत | | | | | | | | |
| ३.२ | कुल रोजगार युवाको प्रतिशत | | | | | | | | |
| ३.३ | स्थानीय तहको निसर्त तर्फको वार्षिक बजेट मध्ये युवा उद्यमशिलताका लागि विनियोजित गरीएको रकमको प्रतिशत | | | | | | | | |
| ३.४ | रोजगार सूचना केन्द्रमा आउने युवाको प्रतिशत | | | | | | | | |
| ४ | | | | | | | | | |
| | युवा परिचालन, सहभागिता र नेतृत्व विकास | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४.१ | सबै वडामा युवा क्लबको गठन | | | | | | | | |
| ४.२ | युवा स्वयंसेवक शिक्षकको परिचालन भएका विद्यालयको प्रतिशत | | | | | | | | |
| ४.३ | युवा स्वयंसेवकको लागि विनियोजन गरीएको बजेटको प्रतिशत | | | | | | | | |
| ४.४ | विभिन्न क्षेत्रमा परिचालित युवा स्वयंसेवकको प्रतिशत | | | | | | | | |
| ४.५ | तालिम वा अभिमुखीकरण प्राप्त स्वयंसेवकको प्रतिशत | | | | | | | | |
| ४.६ | विपत् व्यवस्थापन सम्बन्धी तालिम वा अभिमुखीकरण लिएका युवाको प्रतिशत | | | | | | | | |
| ४.७ | स्थानीय विपद् व्यवस्थापन समितिमा युवा सञ्जालको प्रतिनिधित्व | | | | | | | | |
| ४.८ | गाउँपालिका स्तरीय युवा सञ्जाल गठन | | | | | | | | |
| ४.९ | तालिम/अभिमुखीकरण प्राप्त युवा सञ्जालका पदाधिकारीको प्रतिशत | | | | | | | | |
| ४.१० | स्थानीय तहमा निर्वाचित युवाको प्रतिशत | | | | | | | | |
| ४.११ | वस्तीस्तरको योजना तर्जुमा समितिमा सहभागी युवाको प्रतिशत | | | | | | | | |
| ४.१२ | उपभोक्ता समितिका पदाधिकारीमा युवाको सहभागिताको प्रतिशत | | | | | | | | |
| ४.१३ | योजनाको अनुगमन तथा मूल्यांकन समितिमा युवा सञ्जालको प्रतिनिधित्व | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | खेलकुद तथा मनोरञ्जन | | | | | | | | |
| ५.१ | खेलकुद मैदान भएको विद्यालयको प्रतिशत | | | | | | | | |
| ५.२ | शैक्षिक संस्थामा बाहेक सार्वजनिक खेल मैदान भएका वडाको प्रतिशत | | | | | | | | |
| ५.३ | खेल शिक्षकको जिम्मेवारी दिइएका विद्यालयको प्रतिशत | | | | | | | | |
| ५.४ | एक वर्षमा वडास्तरीय तथा गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता | | | | | | | | |
| ५.५ | खेलकुद क्षेत्रका लागि विनियोजित बजेटको प्रतिशत | | | | | | | | |
| ५.६ | स्थानीय तहमा भएका सार्वजनिक मनोरञ्जन स्थल/ उद्यान संख्या | | | | | | | | |
| ५.७ | अन्तर स्थानीय तहका प्रतियोगितामा जितेको प्रतियोगिताको संख्या | | | | | | | | |

.......................

तयार गर्ने

नामः ......................

पदः .........................

मितिः ...........................

.......................

प्रमाणित गर्ने

नाम :.............................

पद :..............................

मिति :.........................

आज्ञाले

मणिप्रसाद खनाल

प्रमुख प्रशासकीय अधिकृत